बागमती प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

स्वास्थ्य निर्देशनालय


# जनस्वास्थ्य कार्यालय, काभ्रेपलाञ्चोक

## प्रकोप तथा महामारी निगरानी मासिक बुलेटिन

बुलेटिन सङ्ख्याः ७

आर्थिक बर्ष: २०८२/८३ | महिनाः माघ | प्रकाशित मिति: २०८२/११/१०


## मुख्य झलकहरुः




*(श्रोत: DHIS २, EWARS) (तथ्याङ्क लिएको मिति: २०८२/११/१०)*

## महामारीजन्य रोगहरुको अवस्था (प्रमुख ५ रोगहरु)

### १. डेंगी




*(श्रोत:DHIS २) (तथ्याङ्क लिएको मिति: २०८२/११/१०)*

माघ २०८२ मा काभ्रे जिल्लामा जम्मा ७ डेंगु पोजेटिभ केसहरू देखिएका छन् । सबै डेंगु पोजेटिभ बिरामीहरु भुम्लु गाउँपालिका बाट रिपोर्ट भएका छन्।

### २. स्क्रब टाइफस

पौष २०८२ मा काभ्रे जिल्लाको तथ्याङ्कअनुसार स्क्रब टाइफसका केसहरू एक मात्र पालिकामा मात्र देखिएको छ।नमोबुद्ध नगरपालिकामा ५ जना स्क्रब टाइफसका बिरामी रिपोर्ट भएको छ।

### ३. जिल्ला मा देखिएका अन्य स्वास्थ्य समस्याहरू

माघ महिनाको विवरणलाई पौष महिनासँग तुलना गर्दा काभ्रे जिल्लामा विभिन्न सरुवा रोगहरूको अवस्थाबारे फरक–फरक प्रवृत्ति देखिन्छ। Influenza-like Illness (ILI) का केस पौष महिनाको २८९ बाट बढेर माघमा ३३० पुगेका छन्, जसले जाडो मौसमसँग सम्बन्धित रुघाखोकी, ज्वरो तथा भाइरल श्वासप्रश्वास संक्रमण अझ बढ्दो क्रममा रहेको देखाउँछ।त्यस्तै Severe Acute Respiratory Illness (SARI) का केस ७ बाट बढेर २० पुगेका छन्, जसले केही बिरामीमा श्वासप्रश्वाससम्बन्धी समस्या गम्भीर भई अस्पताल भर्ना गर्नुपर्ने अवस्था वृद्धि भएको संकेत गर्दछ।Acute Gastroenteritis (AGE) का केस २६२ बाट घटेर २०२ मा झरेका छन्। यसले पानी तथा खाद्य स्वच्छतासँग सम्बन्धित समस्या अझै रहे पनि अघिल्लो महिनाको तुलनामा केही सुधार भएको बुझिन्छ।डेङ्गीका केस १० बाट घटेर ७ मा पुगेका छन् भने स्क्रब टाइफस १४ बाट घटेर ५ मा सीमित भएको छ, जसले यी रोगहरूको संक्रमण दरमा कमी आएको देखाउँछ।समग्रमा ILI र SARI जस्ता श्वासप्रश्वाससम्बन्धी रोगहरूमा वृद्धि भएको, AGE मा केही कमी आएको तथा डेङ्गी र स्क्रब टाइफस घट्दो क्रममा रहेको देखिन्छ। त्यसैले श्वासप्रश्वाससम्बन्धी संक्रमणको रोकथाम, समयमै उपचार तथा निगरानी प्रणालीलाई अझ सुदृढ बनाउन आवश्यक देखिन्छ।

**रोग/सिन्ड्रोम अनुसारको तुलनात्मक विवरण (महिनाः माघ)**

| रोगको नाम | पौष , २०८२ (अघिल्लो महिनामा) | माघ , २०८२ (यस महिनामा) | केसको संख्यामा भिन्नता |
|---|---|---|---|
| हैजा | ० | ० | ० |
| डेङ्गी | १० | ७ | ३ ■ |
| **Acute Gastroenteritis** | २६२ | २०२ | ६० ■ |
| **SARI (Severe Acute Respiratory Illness)** | ७ | २० | १३ ■ |
| **□ (Influenza Like Illness)** | २८९ | ३३० | ४१ ■ |
| स्क्रब टाइफस | १४ | ५ | ९ ■ |

*(श्रोतः DHIS२, EWARS) (तथ्याङ्क लिएको मितिः २०८२/११/१०)*

■ *केसको संख्या बढेको* ■ *केसको संख्या घटेको* ■ *केसको संख्यामा कुनै परिवर्तन नभएको*

## निगरानी तथा केस व्यवस्थापन सम्बन्धी गरिएका पहलहरुः

**SARI (Severe Acute Respiratory Illness)**

- बिरामीको छिटो पहिचान गरी आवश्यक परे अस्पताल भर्ना तथा रिफरलको व्यवस्था गर्ने।
- अक्सिजन, नेबुलाइजेसन लगायतका आपतकालीन उपचार सामग्रीको उपलब्धता सुनिश्चित गर्ने।
- जोखिम समूह (बालबालिका, ज्येष्ठ नागरिक, दीर्घरोगी) को विशेष निगरानी गर्ने।
- भीडभाड हुने स्थानमा मास्क प्रयोग, हात धुने बानी र श्वासप्रश्वास शिष्टाचारबारे जनचेतना अभिवृद्धि गर्ने।
- नियमित निगरानी, केस रिपोर्टिङ तथा प्रकोपको प्रारम्भिक चेतावनी प्रणाली सुदृढ गर्ने।

**डेङ्गी (Dengue)**

- लामखुट्टेको प्रजनन स्थल नष्ट गर्ने (पानी जम्ने स्थान हटाउने) अभियान सञ्चालन गर्ने।
- समुदायमा "खोज र नष्ट गर" (Search and Destroy) कार्यक्रममार्फत जनसहभागिता बढाउने।
- झुल प्रयोग, लामो बाहुला भएका कपडा लगाउने तथा रिपेलेन्ट प्रयोगबारे जनचेतना फैलाउने।
- ज्वरो आएका बिरामीको समयमै परीक्षण र उपचारको व्यवस्था गर्ने।
- नियमित भेक्टर निगरानी, केस रिपोर्टिङ तथा अन्तरक्षेत्रीय समन्वय सुदृढ गर्ने।

## आभार

जनस्वास्थ्य कार्यालय, काभ्रेपलाञ्चोकले रोग निदान र व्यवस्थापनका लागि कार्यरत सबै सरकारी तथा निजी स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीहरूको योगदान प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछ।